मुख्यमन्त्री

कोशी प्रदेश, विराटनगर, नेपाल

## शुभकामना

सम्पूर्ण श्रमजीवी वर्गको यो विशेष दिन ' १३४ औ विश्व मजदुर दिवस /अन्तर्राष्ट्रिय श्रमिक दिवस'का अवसरमा विश्वभरी छरिएर रहनु भएका सम्पूर्ण नेपाली श्रमजिवी दाजुभाइ, दिदीबहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

आफ्नो अधिकारको माग गर्दै अमेरिकाको शिकागो शहरमा मजदुरहरुले गरेको प्रदर्शनका क्रममा ज्यान गुमाएका श्रमिकहरुको संझनास्वरुप सन १८८९ को मे १ देखि अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाउन थालिएको हो । आजको दिनलाई विश्वभरीका मजदुर तथा श्रमजीवी वर्गले आफ्नो आन्दोलनको महत्वपूर्ण उपलब्धि- ८ घण्टा काम, ८ घण्टा आराम र ८ घण्टा मनोरञ्जनलगायतका आधारभूत हकअधिकार प्राप्तिको दिनको रुपमा स्मरण गर्दछन् ।

नेपालको हरेक राजनीतिक-सामाजिक परिवर्तनमा श्रमिक वर्गले आफ्नो जीवन र रोजगारीको पर्वाह नगरी ऐतिहासिक भूमिका निर्वाह गर्दै आएका छन् । वि स २००७ सालमा कोशी प्रदेशको औद्योगिक नगरी विराटनगरबाट नै श्रमिक मजदुरहरुले प्रजातन्त्रको बिगुल फुकेका थिए । नेपाली समाजको युगान्तकारी परिवर्तनका लागि श्रमजीवी वर्गले पुऱ्याएको योगदानप्रति आजको विशेष दिनमा म उच्च सम्मान प्रकट गर्दछु ।

नेपालको संविधानमा श्रम सम्बन्धी हकलाई मौलिक हकको रूपमा व्यवस्था गरिएको छ । सोही अनुसार श्रमजीवी वर्गको अधिकार कार्यान्वयन गर्न श्रम ऐन, २०७४ र सामाजिक सुरक्षा ऐन २०७५ लगायतका विभिन्न ऐन कानूनहरुको निर्माण भएका छन् । सरकारी तहबाट निर्माण भएका ती ऐन कानूनहरुको पूर्ण कार्यान्वयनका लागि आवश्यक भूमिका निर्वाह गर्न कोशी प्रदेश सरकार पूर्णरुपमा प्रतिवद्ध रहेको कुरा अवगत गराउँछु ।

अन्तमा, विश्व मजदुर दिवसका अवसरमा सम्पूर्ण श्रमिजीवी नेपालीहरुमा सुख, शान्ति र समृद्धिको कामना गर्दै नेपाली श्रमिक र तिनका प्रतिनिधि ट्रेड युनियनहरुलाई श्रमिकहरुको हकहित संरक्षणका निम्ति संगठित र एकतावद्ध भएर अघि बढ्न सफलता मिलोस भन्दै सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मितिः २०८० बैशाख १८ गते सोमबार

.........................

हिक्मतकुमार कार्की
मुख्यमन्त्री